दोर्दी गाउँपालिका
DORDI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
नौथर, लमजुङ (Nauthar, Lamjung)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)

पत्र संख्या Ref. No.:-
चलानी नं. Dispatch No.:-

# सूचना ! सूचना !! सूचना !!!

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ खारेज भई नयाँ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ मिति २०७५/०४/२३ देखि लागु भएको सन्दर्भमा सम्पूर्ण सम्वद्द पक्षहरुकोलागि यो सूचना जारि गरिएको छ ।

नयाँ कार्यविधिको परिच्छेद ३ को उपदफा २ मा, " नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा नेपाल सरकारसँग सम्बन्ध स्थापित भएका मित्र राष्ट्र वा तीनका निकायवाट मासिक रुपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुबिधा पाईरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन् " र सोही परिच्छेदको उपदफा ३ मा, " उपदफा १ मा जेसुकै कुरा लेखिएको भएतापनि कुनै बालबालिकाको आमा वा बाबु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएका वा कुनै व्यवसाय दर्ता गरी संचालन गरिरहेको भएमा यो भत्ता प्राप्त हुने छैन " भनि उल्लेख भएनुसार वडामा यस प्रकारका सेवा सुविधा पाईरहेका र अव पाउने भनि लगत कायम भएका सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले अब उप्रान्त सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नमिल्ने हुँदा ती लाभग्रहिहरुको आफ्नो वडामा स्वयम् उपस्थित भई वा परिवारका सदस्यहरुलाई पठाई वा वडा सदस्यहरु मार्फत जानकारी गराई आफ्नो लगत कट्टा गर्नुहुन जानकारी गरिन्छ ।

यो सूचनालाई वेवास्था गरि सामाजिक सुरक्षा भत्ता लाभग्राहीले भविष्यमा भत्ता प्राप्त गर्ने उदेश्यले वडा कार्यालयमा लगत कट्टा गराउन नाम उपलब्ध नगराई भविष्यमा यस कार्यविधिको प्रतिकुल हुने गरि भत्ता प्राप्त गरेमा वा गराएमा कानून बमोजिम हुनेछ साथै भत्ता रकम समेत सम्बन्धित पक्षसँग असुल उपर गरिनेछ ।

२०७५/०५/२८

.............................

विजयराज पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)

इमेल: info@dordimun.gov.np / dordigaupalika073@gmail.com वेबसाईट: www.dordimun.gov.np